# कोभिड १९ रोकथाम तथा नियन्त्रण  जोखीम भत्ता कार्यविधि २०७६

जोखिम भत्ता ब्यवस्थापन आदेश २०७७

**कार्यपालिकाबाट स्वीकृत २०७६।१२।१८**

**गाउँ सभाबाट स्वकृत  २०७७।०३।११ गते**

केदारस्यु गाउँपालिका

केदारस्यु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
देउरा वझाङ

# **कोरोनाभाइरस( कोभिड१९) को संकमणको उपचारमा संलग्न जनशक्तिको जोखिमभत्ता ब्यवस्थापन कार्यबिधी निर्देशिका२०७७**

प्रस्तावना: कोरोना भाइरस(कोभिड१९) कोसमक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धि कार्यमा संलग्न जनशक्तिलाई केदारस्यूँ गाउँपालिका गाउँकार्यपालिकाको मिति२०७६।१२।१८ कोनिर्णय अनुसार जोखिम भत्ता उपलब्ध बञ्छनीय भएकोले,

संक्रामक रोगऐन २०२०कोदफा२लेदिएको अधिकार प्रयोगगरि केदारस्यूँ गाउँपालिकाले देहायको आदेशजारि गारेकोछ।

१. **संक्षिप्तनामरप्रारम्भ**:(१)यस आदेशको नाम कोरोना भाइरस (कोभिड१९) को संक्रमणको रोकथाम र उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता ब्यवस्थापन आदेश २०७७रहेकोछ।

(२) यो आदेश तुरुन्त प्रारम्भहुनेछ।

**२. परिभाषा**: विषयवाप्रसंगले अर्को अर्थन लागेमा यसआदेशमा:-

(क)"उपचार"भन्नाले कोभिड १९ कोसंक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी स्वास्थ्य सेवासम्झनुपर्छ।

(ख)"कोभिड१९" भन्नाले SARS-COV-2 भाइरसले गर्ने संक्रमणबाट मानिसलाई हुनेरोग सम्झनुपर्छ।

(ग) "प्रयोगशाला" भन्नाले कोभिड १९ को परिक्षण गर्नयोग्य प्रयोगशाला सम्झनुपर्छ।

(घ)"जोखिमभत्ता"भन्नाले कोभिड१९ को संक्रमणको उपचारमा प्रतक्ष्य वा अप्रत्क्ष रुपमा संलग्नरहने जनशक्तिलाई यस आदेशबमोजिम प्रदानगारिने भत्ता सम्झनुपर्छ।

(ङ) "गाउँपालिका" भन्नाले केदारस्यूँ गाउँपालिका सम्झनुपर्छ।

(च) "गाउँकार्यपालिका" भन्नाले केदारस्यूँ गाउँकार्यपालिका सम्झनुपर्छ।

(छ)"जनशक्ति"भन्नालेकोभिड १९ कोसंक्रमणको रोकथाम ,नियन्त्रण तथा उपचारमा प्रतक्ष्य वा अप्रतक्ष्य रुपमा संलग्नदेहाय बमोजिमका जनशक्तिसम्झनुपर्छ:-

१. जनप्रतिनिधी

२. चिकित्सक

३. नर्स

४. पारामेडिक्स

५. प्रयोगशालाकर्मी

६. ईमेर्जिङसेवाप्रदायक

केदारस्यूँ गाउँपालिका

७. एम्बुलेन्सचालक

८. सुरक्षाकर्मी

९. सरसफाईमासंलग्नकर्मचारी

१०. प्रशासनिकतथाअन्यकर्मचारीरसहयोगीकर्मचारी

११. सम्बन्धित कार्यालयको स्वास्थ्य शाखा प्रमुखले सिफारिस गरि कार्यालय प्रमुखले कोभिड१९ कोसंक्रमण, रोकथाम, नियन्त्रण तथा उपचारमा प्रतक्ष्य वा अप्रतक्ष्य रुपमा संलग्न रहेको भनिप्रमाणित गरेको कर्मचारी।

१२. आर.आरटी,आर.आर. टीउपसमितिकोटिम

१३. ईलेक्टिसियन,पलम्बर

१४ भान्से

१५ CICTT

**३.जोखिमभत्ताप्राप्तगर्नसक्ने**: कोभिड१९ कोसंक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न देहाय बमोजिमका निकायका देहाय बमोजिमका काममा खटिएका जनशक्तिले जोखिमभत्ता उप्राप्तगर्न सक्नेछन।

(क) देहाय बमोजिमका हेल्थडेक्समा कार्यरत जनशक्तिः-

(१) केदारस्यूँ गाउँपालिकाका बिभिन्नहेल्थडेस्कमा खटिएका

(२) केदारस्यूँ गाउँपालिकाका बिभिन्नफेबर क्लिनिकमा खटिएका

(ख) देहाय बमोजिमका क्वारेन्टाइनमा कार्यरत जनशक्तिः-

(१) केदारस्यूँ गाउँपालिकाका बिभिन्नबिध्यालयकोक्वा रेन्टाइन तथा अन्यक्वारेन्टाइनमाखटिएका

(ग) देहाय बमोजिमका उपचारमा संलग्नजनशक्तिः-

(१)संक्रमण कोशंकास्कद ब्यक्ति लाई शुरु परीक्षण(स्क्रिनिङ) र सो कार्यमा सहयोग पुर्याउने तथा फिबर (ज्वरो) क्लिनिकमा खटिएका जनशक्ति

(२)संक्रमण कोशंकास्पद ब्यक्तिलाई आईसोलेसनमा राखेको अवस्थामा त्यस्तो आईसोलेसन बेड तथा वार्डमा खटिएका जनशक्ति

(३) संक्रमण भई उपचार रतरहेका ब्यक्तिको उपचारमा खटिएका जनशक्ति

(४) संक्रमण कोशंकास्पद तथा संक्रमणको पुष्टि भएका ब्यक्तिको ईमेजिङसेवा प्रदायक जनशक्ति

(घ) देहाय बमोजिमका प्रयोगशाला परिक्षणमा संलग्न जनशक्तिः-

केदारस्यूँ गाउँपालिका

(१)कोभिड१९को संक्रमणको शंकास्पद ब्यक्तिको आर.डि.टी. परिक्षण, नमुनासंकलन, प्याकिङ र ढुवानीमा संलग्नजनशक्ति

(२) कोभिड१९ कोसंक्रमण कोशंकास्पद ब्यक्तिको नमुनापरिक्षण र प्रमाणिकरण गर्ने जनशक्ति

(ङ)खण्ड(क),(ख),(ग)र(घ)बमोजिमको जनशक्ति लाई प्रतक्ष्य तथा अप्रतक्ष्य रुपमा सहयोगका लागि तत्तत्स्थानमा खटिएका जनशक्ति

(च) कोभिड १९ कोबिरामिसंग सम्पर्कमा आएकाहरुको खिजीकार्य( कन्ट्याक्टट्रेसिङ) माखटिएका जनशक्ति

(छ)यसदफामा उल्नेखित जनशक्ति बाहेक स्थानियतहमाखण्ड (क),(ख),(ग),(घ),(ङ)र(च) र मा उल्लेखित जनशक्तिको ब्यवस्थापनमासंलग्न जनशक्ति

(ज) यसआदेश बमोजिमकोकार्यको अनुगमन, मूल्याङन र ब्यवस्थापनमा संलग्नजनशक्ति

**(४)विवरण तथा कागजात संलग्नगर्नुपर्ने:-**

जोखिम भत्ताप्राप्त गर्नको लागिपुस्ट्याई सहितको देहाय बमोजिमका विवरण तथा कागजातसं लग्नगरि दफा६ बमोजिमको निकाय समक्षपेशगर्नुपर्नेछ।

(क) दफा३बमोजिमको कार्यगर्नका लागिखटिएको स्थानमा कार्यगरेको प्रमाणितहाजिरि

(ख) क्वारेन्टाइनको हकमा क्वारेन्टाइनमा बसेकोविषय पुष्ट्याईगर्नेविवरण।

(ग) फिबर क्लिनिकको हकमाक्लिनिकमा चेकजाँचगरेको ब्यक्तिकोविवरण।

(घ)उपचारमा संग्लग्न ब्यक्तिको हकमा शुरुपरिक्षणगरेका, आईसोलेसनमा राखेका तथा संक्रमण पुष्टिभई उपचारगरेका बिरामीकोविवेण।

(ङ)इमेजिङ्ग सेवा प्रदायकको हकमा कोभिड १९ को शंकास्पद तथा पुष्टी भएका विरामीलाइ इमेर्जिङ्ग सेवा प्रदा गरेको विवरण ।

च) प्रयोगशाला परीक्षणमा संग्लग्न जनशत्तिको हकमा नमुना संकलन गरीएका तथा प्रयोगशाला परीक्षण गरीएको विवरण ।

**(५) रकम उपलब्ध गराउने**

कोभिड १९ को संक्रमणको पहिचान रोकथाम नियन्त्रण तथा उपचारमा संग्लग्न जनशत्तिलाइ जोखीम भत्ता वाफतको रकम गाउँपालिकाले उपलब्ध गराउने छ ।

**(६) जोखीम भत्ता ब्यवस्थापन**

**१)** कोभिड १९ को संक्रमण को पहिचान रोकथाम नियन्त्रण तथा उपचारमा खटाइएका जनशत्तिलाइ खटाउने निकायले नै जेखीम भत्ता ब्यवस्थापन गरी सो को शोधभर्नाको लागी आवश्यक सम्पुर्ण कागजातहरु संग्लग्न गरी गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

केदारस्यूँ गाउँपालिका

२)उपदफा १ वमोजीमको विवरण प्राप्त भएपछी विवरणको आवश्यक जाचवुझ गरी जोखीम भत्ता प्रदान गर्नुपर्ने देखीएमा गाउँपालिकाले त्यस्तो रकमको भुक्तानी दिनु पर्ने छ ।

**(७) जोखीम भत्ता**

देहायको जनशत्तिलाइ देहाय वमोमको भत्ता उपलब्ध गराइनेछ ।

क) सक्रमणको शंका लागी आइसोलनमा राखीएका वा संक्रमण पुष्टि भइ उपचारमा प्रत्यक्ष संग्लग्न जनशत्ति तथा संक्रमणको शंकास्पद तथा पुष्टि भएका विरामीको नमुना संकलन गर्ने तथा ल्यावमा कामगर्ने स्वास्थ्यकर्मि खटिएका र RRT Team र CICTT का पदाधिकारीहरु लाइ सुरु तलबमानको १००% का दरले र जनप्रतिनिधिहरु लाइ प्रति दिन रु १०००।० का दरले ।

ख ) सक्रमणको शंका लागी आइसोलनमा राखीएका वा संक्रमण पुष्टि भइ उपचारका लागि तोकिएका कर्मचारी र इमेर्जिङ्ग सेवा प्रदायक जनशत्ति RRT उपसमिति क्वारेन्टाइन र फिभर क्लनिकमा खटीएका कर्मचारी र इमेरजेन्सीमा सेवा प्रदायक स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मिहरुलाइ सुरु तलबमानको ७५% का दरले अन्य स्वास्थ्य संस्थामा रहेका कोभीड १९ को जोखिममा रहेका कर्मचारीलाई ५० प्रतिशतका दरले र एम्वुलेन्स चालकलाइ ५० प्रतिशतकादरले दिइने ।

ग) कोभिड १९ को कार्यमा सहयोग पुर्याउने चालक लाइ सुरु तलबमानको ७५% का दरले र भान्से ,सहयोगी ,पलम्वर Electrician तथा अन्य सहयोगी जनशत्तिहरुलाइ खटीएको दिनको रु ५०० को दरले ।

ङ) माथी जुनसुकै कुराहरु उल्लेख गरीएको भएतापनी कोहि पदाधिकारीहरु दोहोरीएको खण्डमा कुनै एक कार्यभार सम्हालीएको क्षेत्र वाट मात्र भत्ता लिनु पर्नेछ ।

**८ अनुगमन गर्ने**

जोखीम भत्ता लागु भए नभएको र जोखीम भत्ता को दुरुपयोग भए नभएको सम्वन्धमा गाउँपालिकाले अनुगमन गर्नेछ ।

**९ जोखीम भत्ताको अवध**

क) मिति २०७६।१२।११ देखी कोभिड १९ को अन्त्य नभए सम्म मात्र लागु हुने छ ।

**१० गाउँपालिकाले आवश्यक ब्यवस्था गर्ने**

यस कार्यविधि को कार्यवन्यन गर्दा कुनै वाधा अडकाउ परेमा यस केदारस्यु गाउपालिकाले त्यस्तो वाधा अडकाउ फुकाउन आवश्यक ब्यवस्था गर्नेछ ।

समाप्त

केदारस्युँ गाउँपालिका